**कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको पदाधिकारीको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३**

**स्वीकृत मिति: २०८३/०४/२७**

**प्रथम संशोधन मिति २०८३/०४/२९**

**प्रस्तावनाः**

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन,२०६८ (स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०८३ द्वारा संशोधित समेत) को व्यवस्था बमोजिम प्रतिष्ठानका रिक्त पदाधिकारीहरुमध्ये शिक्षाध्यक्ष, रजिष्ट्रार, डीन र निर्देशक पदको लागि खुला प्रतिस्पर्धाको आधारमा पदपूर्तिका लागि सिफारिस गर्न कार्यकारी परिषद्बाट देहाय बमोजिम यो कार्यविधि स्वीकृत गराई लागू गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको पदाधिकारीको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "ऐन" भन्नाले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन,२०६८ संशोधित २०८३ सहितको सम्झनु पर्छ।।

(ख) "कार्यकारी परिषद्" भन्नाले ऐनको दफा ११ वमोजिम गठन भएको कार्यकारी परिषद् सम्झनु पर्नेछ ।

(ग) "अख्तियारवाला" भन्नाले पदाधिकारीको नियुक्ति गर्न प्रचलित नेपाल कानून बमोजिम अख्तियारी पाएको निकाय वा अधिकारी सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले प्रतिष्ठानको पदाधिकारीको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३ को दफा ३ (क) बमोजिमको सिफारिस समितिको अध्यक्ष भन्ने सम्झनु पर्छ ।

(ङ) "उम्मेदवार" भन्नाले प्रतिष्ठानका पदाधिकारीको पदमा छनौट गरी नियुक्तिका लागि पेश गरेका दरखास्तमध्ये न्यूनतम योग्यता पुगेका स्वीकृत दरखास्तका उम्मेदवार सम्झनु पर्छ।

(च) “पदाधिकारी” भन्नाले प्रतिष्ठानको रिक्त पद अन्तर्गत शिक्षाध्यक्ष, रजिष्ट्रार, डीन र निर्देशकलाई सम्झनु पर्छ ।

(छ) “विषय विज्ञ वा दक्ष” भन्नाले मान्यताप्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट चिकित्सा विज्ञान वा अन्य कुनै बिषयको व्यवहारिक विज्ञान वा व्यवस्थापन बिषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा न्यूनतम पन्ध्र (१५) बर्षको अनुभव प्राप्त विज्ञ वा दक्ष व्यक्ति सम्झनु पर्छ।

(ज) “नजिकका नातेदार” भन्नाले 'पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, धर्मपुत्र वा धर्मपुत्री राखे बाबु आमा, सौतेनी बाबु, सौतेनी आमा, बाजे, बज्यै, नाति, नातिनी, दाजु, भाइ, दिदी, बहिनी, ठूलोबाबु, काका, काकी, सानोबाबु, सानीआमा, भतिजा, भतिजी, सासू, ससुरा, जेठाजु, जेठानी, देउरानी, नन्द, देवर, भाउजू, बुहारी, मामा, माइजू, भान्जा, भान्जी, जेठी सासु, साला, साली, साडु दाई, साडु भाई, फुपू, फुपाजु, आमाजू, भदा, भदै, भिनाजु, ज्वाइँ, जेठान सम्झनु पर्छ।

(झ) “प्रतिष्ठान” भन्नाले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्झनु पर्छ ।

(ञ) “मन्त्रालय” भन्नाले नेपाल सरकार, स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ट) “समिति” भन्नाले प्रतिष्ठानको पदाधिकारीको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३ को दफा ३ बमोजिम प्रतिष्ठानका पदाधिकारीको छनौट तथा सिफारिस समिति सम्झनु पर्छ।

## परिच्छेद-2

## सिफारिस समिति

३. **<u>सिफारिस समितिको गठन:</u>** प्रतिष्ठानका पदाधिकारीको छनौट तथा सिफारिस गर्न देहायबमोजिम एक सिफारिस समिति रहनेछ-

(क) उपकुलपति, प्रतिष्ठान -अध्यक्ष

(ख) विषय विज्ञ वा दक्ष व्यक्ति एक जना (अध्यक्षबाट मनोनित) -सदस्य

(ग) विभिन्न स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्व पदाधिकारीहरुमध्येबाट (अध्यक्षबाट मनोनित) एक जना -सदस्य

४. **समितिको काम, कर्तव्य र अधिकार:** (१) यस कार्यविधिको दफा ३ बमोजिमको समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) प्रतिष्ठानको पदाधिकारीको पदमा नियुक्तिको लागि आवेदन दिन कम्तीमा सात (७) दिनको अवधि राखी प्रतिष्ठानको वेवसाईट र सूचनापाँटीमा दरखास्त आव्हान गर्ने,

(ख) प्राप्त हुन आएका दरखास्तको प्रारम्भिक छानबिन गरी संक्षिप्त सूची तयार गर्ने,

(ग) संक्षिप्त सूचीमा परेका उम्मेदवारको कार्ययोजना प्रस्तुतीकरण तथा अन्तर्वार्ता सञ्चालन गर्ने,

(घ) मूल्याङ्कनमा उच्चतम अङ्क प्राप्त गर्ने उमेदवारहरूमध्येबाट प्रत्येक पदका लागि योग्य व्यक्तिको नाम नियुक्तिका लागि सहकुलपति समक्ष सिफारिस गर्ने।

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम सिफारिस गर्दा प्रत्येक पदको लागि उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारमध्ये योग्यताक्रमको आधारमा बढीमा तीन जना योग्य व्यक्तिको नाम नियुक्तिका लागि सहकुलपति समक्ष सिफारिस गर्ने ।

(३) समितिले उम्मेदवारको मूल्याङ्कनका आधार,अङ्कभार र सिफारिस सम्बन्धी अन्य प्रक्रिया ऐन, नियमावली वा यस कार्यविधिसँग नबाँझिने गरी आफैंले निर्धारण गर्न सक्नेछ ।

५. **समितिको बैठक सम्बन्धी व्यवस्था:** बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ-

(क) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

(ख) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(ग) समितिको बैठकको गणपुरक सङ्ख्याका लागि समितिका सबै सदस्य उपस्थित भएको हुनु पर्नेछ।

(घ) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ।

(ङ) समितिको निर्णयमा अध्यक्ष सहित सबै सदस्यको अनिवार्य हस्ताक्षर गरी प्रमाणित भएको हुनुपर्नेछ।

(च) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्णय गरी निर्धारण गरे बमोजिम हुनेछ।

६. **शिक्षाध्यक्षको योग्यताः** (१) प्रतिष्ठानको शिक्षाध्यक्ष नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ-

(क) मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट चिकित्साशास्त्र विज्ञानको कुनै पनि विषयमा कम्तीमा स्नातकोत्तर तह हासिल गरेको,

(ख) प्रचलित कानुन बमोजिम सम्बन्धित व्यावसायिक परिषद्मा स्थायी दर्ता भई दर्ता प्रमाणपत्र अद्यावधिक रहेको,

(ग) मान्यता प्राप्त स्वास्थ्य विज्ञान प्रतिष्ठान, विश्वविद्यालय वा शिक्षण अस्पतालको प्राध्यापक (Professor) पदमा कम्तीमा चार (४) बर्ष प्राध्यापन गरेको अनुभव रहेको,

(घ) मान्यता प्राप्त जर्नलमा प्रथम लेखक (First Author) भई कम्तीमा दुई (२) वटा र सह-लेखक (Co-author) भई कम्तीमा दुई (२) वटा वैज्ञानिक अनुसन्धानमूलक लेख (Scientific Research Articles) प्रकाशन गरेको,

(ङ) प्रचलित कानुन बमोजिम स्थापित कुनै विश्वविद्यालय, प्रतिष्ठान, अस्पताल वा शैक्षिक तथा प्राज्ञिक संस्थाको पदाधिकारी वा विभागीय प्रमुख रही उत्कृष्ट व्यवस्थापकीय सीप, क्षमता र कौशल प्रदर्शन गरेको,

(च) नेपाली नागरिक भएको,

(छ) उच्च नैतिक चरित्र भएको र नैतिक पतन देखिने कुनै पनि फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(ज) प्रचलित कानुन बमोजिम कुनै पनि सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नरहेको,

(झ) आवेदकको सम्बन्धित प्रतिष्ठानसँग कुनै पनि प्रकारको व्यक्तिगत, आर्थिक वा संस्थागत स्वार्थ नबाँझिएको,

(ञ) कुनै पनि राजनीतिक दलको सदस्य वा दलगत जिम्मेवारीमा नरहेको।

**७.** **<u>रजिष्ट्रारको योग्यताः</u>** प्रतिष्ठानको रजिष्ट्रार नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ-

(क) *मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट कुनै पनि विषयमा कम्तीमा स्नातकोत्तर तह हासिल गरेको,

(ख) प्रचलित कानुन बमोजिम सम्बन्धित व्यावसायिक परिषद्मा स्थायी दर्ता हुनु पर्ने भए दर्ता भई दर्ता प्रमाणपत्र अद्यावधिक रहेको,

(ग) मान्यता प्राप्त स्वास्थ्य विज्ञान प्रतिष्ठान, विश्वविद्यालय वा शिक्षण अस्पतालमा राजपत्राङ्कित द्वित्तीय श्रेणी वा सो सरहको अधिकृत पदमा न्यूनतम पाँच (५) बर्षको अनुभव भएको वा शिक्षण अस्पतालको सह-प्राध्यापक (Associate Professor) वा सोभन्दा माथिल्लो पदमा न्यूनतम दुई (२) वर्ष प्राध्यापन गरेको,

(घ) प्रचलित कानुन बमोजिम स्थापित कुनै विश्वविद्यालय, प्रतिष्ठान, अस्पताल वा शैक्षिक तथा प्राज्ञिक संस्थाको पदाधिकारी वा विभागीय प्रमुख रही उत्कृष्ट व्यवस्थापकीय सीप, क्षमता र कौशल प्रदर्शन गरेको,

(ङ) नेपाली नागरिक,

(च) उच्च नैतिक चरित्र भएको र नैतिक पतन देखिने कुनै पनि फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(छ) प्रचलित कानुन बमोजिम कुनै पनि सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नरहेको,

(ज) आवेदकको सम्बन्धित प्रतिष्ठानसँग कुनै पनि प्रकारको व्यक्तिगत, आर्थिक वा संस्थागत स्वार्थ नबाँझिएको,

(झ) कुनै पनि राजनीतिक दलको सदस्य वा दलगत जिम्मेवारीमा नरहेको ।

८. **<u>डीनको योग्यताः</u>** प्रतिष्ठानको डीनको नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

क) मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट चिकित्साशास्त्र विज्ञानको कुनै पनि विषयमा कम्तीमा स्नातकोत्तर तह हासिल गरेको,

ख) प्रचलित कानुन बमोजिम सम्बन्धित व्यावसायिक परिषद्मा स्थायी दर्ता भई दर्ता प्रमाणपत्र अद्यावधिक रहेको,

ग) मान्यता प्राप्त स्वास्थ्य विज्ञान प्रतिष्ठान, विश्वविद्यालय वा विश्वविद्यालयका शिक्षण अस्पतालको सह-प्राध्यापक (Associate Professor) वा सोभन्दा माथिल्लो पदमा कम्तीमा एक (१) वर्ष प्राध्यापन गरेको अनुभव रहेको,

घ) प्रचलित कानुन बमोजिम स्थापित कुनै विश्वविद्यालय, प्रतिष्ठान, अस्पताल वा शैक्षिक तथा प्राज्ञिक संस्थाको पदाधिकारी वा विभागीय प्रमुख वा मन्त्रालय अन्तर्गतका निकायमा कार्यालय प्रमुख रही उत्कृष्ट व्यवस्थापकीय सीप, क्षमता र कौशल प्रदर्शन गरेको,

ङ) मान्यता प्राप्त जर्नलमा प्रथम लेखक (First Author) भई कम्तीमा एक (१) वटा र सह-लेखक (Co-author) भई कम्तीमा एक (१) वटा वैज्ञानिक अनुसन्धानमूलक लेख (Scientific Research Articles) प्रकाशन गरेको,

च) नेपाली नागरिक भएको,

छ) उच्च नैतिक चरित्र भएको र नैतिक पतन देखिने कुनै पनि फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

ज) प्रचलित कानुन बमोजिम कुनै पनि सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नरहेको,

झ) आवेदकको सम्बन्धित प्रतिष्ठानसँग कुनै पनि प्रकारको व्यक्तिगत, आर्थिक वा संस्थागत स्वार्थ नबाँझिएको,

ञ) कुनै पनि राजनीतिक दलको सदस्य वा दलगत जिम्मेवारीमा नरहेको।

**९. <u>निर्देशकको योग्यताः</u>** प्रतिष्ठानको निर्देशक नियुक्तिको लागि उम्मेदवारको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ-

(क) मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट चिकित्साशास्त्र विज्ञानको कुनै पनि विषयमा कम्तीमा स्नातकोत्तर तह हासिल गरेको,

(ख) प्रचलित कानुन बमोजिम सम्बन्धित व्यावसायिक परिषद्मा स्थायी दर्ता हुनु पर्ने भए दर्ता भई दर्ता प्रमाणपत्र अद्यावधिक रहेको ।

(ग) मान्यता प्राप्त स्वास्थ्य विज्ञान प्रतिष्ठान, विश्वविद्यालय वा विश्वविद्यालय अन्तर्गतका शिक्षण अस्पतालको सह-प्राध्यापक (Associate Professor) वा सोभन्दा माथिल्लो पदमा कम्तीमा एक (१) वर्ष प्राध्यापन गरेको अनुभव रहेको,

(घ) मान्यता प्राप्त जर्नलमा प्रथम लेखक (First Author) भई कम्तीमा एक (१) वटा र सह-लेखक (Co-author) भई कम्तीमा एक (१) वटा वैज्ञानिक अनुसन्धानमूलक लेख (Scientific Research Articles) प्रकाशन गरेको,

(ङ) प्रचलित कानुन बमोजिम स्थापित कुनै विश्वविद्यालय, प्रतिष्ठान, अस्पताल वा शैक्षिक तथा प्राज्ञिक संस्थाको पदाधिकारी वा विभागीय प्रमुख रही उत्कृष्ट व्यवस्थापकीय सीप, क्षमता र कौशल प्रदर्शन गरेको,

(च) नेपाली नागरिक भएको,

(छ) उच्च नैतिक चरित्र भएको र नैतिक पतन देखिने कुनै पनि फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(ज) प्रचलित कानुन बमोजिम कुनै पनि सार्वजनिक पदमा नियुक्तिका लागि अयोग्य नरहेको,

(झ) आवेदकको सम्बन्धित प्रतिष्ठानसँग कुनै पनि प्रकारको व्यक्तिगत, आर्थिक वा संस्थागत स्वार्थ नबाँझिएको,

(ञ) कुनै पनि राजनीतिक दलको सदस्य वा दलगत जिम्मेवारीमा नरहेको।

**१०. <u>दरखास्त आह्वान:</u>** (१) प्रतिष्ठानका पदाधिकारीमा (शिक्षाध्यक्ष, रजिष्ट्रार, डीन र निर्देशक) को नियुक्तिको लागि इच्छुक योग्य व्यक्तिले दरखास्त दिन पाउने गरी सम्बन्धित प्रतिष्ठानको वेवसाइटमा कम्तीमा सात (७) दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनाको म्याद भित्र प्रतिष्ठानका पदाधिकारीमा नियुक्तिको लागि इच्छुक न्यूनतम योग्यता पूरा गरेका उम्मेदवारले अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

३) कुनै पनि निवेदकले कुनै एक (१) पदको लागि मात्र दरखास्त दिन पाउँनेछ।

**११. <u>दरखास्त साथ पेश गर्नुपर्ने कागजातः</u>** न्यूनतम योग्यता पूरा गरेका उम्मेदवारले दफा १० को उपदफा (२) बमोजिमको दरखास्तका साथ देहायका विवरण तथा प्रमाणित कागजातहरू समावेश गर्नुपर्नेछ-

(क) नेपाली नागरिकताको प्रतिलिपि,

(ख) स्नातक, स्नातकोत्तर तह र सो भन्दा माथिका भए सो को समेत शैक्षिक उपाधिको प्रमाणपत्रको प्रतिलिपि एवम् समकक्षता लिनु पर्ने अवस्थामा सो लिएको प्रमाणपत्र,

(ग) प्रचलित कानुन बमोजिम सम्बन्धित व्यावसायिक परिषद्मा स्थायी दर्ता हुनुपर्ने भएकोमा दर्ता भई प्रमाणपत्र अद्यावधिक भएको,

(घ) विश्वविद्यालय वा प्रतिष्ठानको प्राध्यापक/सह-प्राध्यापक पदमा नियुक्त भएको भए नियुक्तिपत्रको प्रतिलिपि,

(ङ) प्रचलित कानुन बमोजिम स्थापित कुनै विश्वविद्यालय वा प्रतिष्ठानमा सेवाको कार्यअनुभव खुलेको विवरण तथा प्रमाणको प्रतिलिपि,

(च) First author & co-author भई गरेका अनुसन्धानमूलक लेख प्रकाशनको विवरण,

(छ) अनुसन्धान र प्राज्ञिक क्षेत्रमा हासिल गरेको अनुसन्धानमूलक लेखन, प्रकाशन विवरण तथा प्रमाणको प्रतिलिपि, लिंकहरू भए सो समेत,

(ज) सम्बन्धित विषयमा कुनै तालिम लिएको भए सो को प्रमाणपत्र सहितको विवरण,

(झ) सम्बन्धित संस्थाको अवस्था विश्लेषण, आगामी कार्यदिशा तथा कार्यान्वयनको ढाँचासँग सम्बन्धित बढीमा पाँचहजार (५,०००) शब्दहरू समावेश रहेको सोचपत्र (Vision Paper) र रणनीतिक कार्ययोजना (Strategic Action Plan) (अंग्रेजीमा भए Times New Roman 12 font size मा र नेपालीमा भए युनिकोडमा १२ फन्ट साइज राखी double line space मा तयार गरी कभर पेजमा आफ्नो विवरण खुलाई सो बाहेक शुरुदेखि अन्त्य सम्मका पृष्ठमा आवेदक पहिचान हुने कुनै प्रकारको संकेत वा चिन्ह नरहने गरी छुट्टै खामबन्दी गरी पेश गर्नु पर्नेछ ।

(ञ) उम्मेदवारले दरखास्त सम्वन्धी सम्पूर्ण कागजातहरु दफा ११ को (क) देखि (ज) सम्मको हकमा PDF फायल बनाई ई-मेल (executives.applicant@kahs.edu.np) मार्फत पठाउनु पर्नेछ। दफा ११ को (झ) संग सम्वन्धित सोचपत्र (Vision Paper) र रणनीतिक कार्ययोजना (Strategic Action Plan) को हार्डकपि खामबन्दी गरी प्रतिष्ठानको सम्पर्क कार्यालयमा उपस्थित भई पेश गर्नु पर्नेछ । ई-मेल मार्फत पठाएको

डकुमेण्टको सम्वन्धमा प्रस्तुतिकरण तथा अन्तर्वार्तामा उपस्थित हुदा सक्कल कागजातहरु समेत ल्याउनु पर्नेछ ।

(ट) अनुसूची-२ बमोजिमको स्वघोषणा पत्र।

**१२. <u>दरखास्तको रुजु तथा मूल्याङ्कन विधि:</u>** (१) यस कार्यविधिको दफा ६, ७, ८, ९ र ११ बमोजिमको प्रक्रिया पूरा भई प्राप्त भएका दरखास्त सिफारिस समितिले रुजु तथा मूल्याङ्कन गरी गराई सबैभन्दा बढी अंक प्राप्त गर्ने रिक्त एक पदको लागि अधिकतम सात (७) जनासम्म उम्मेदवारहरुको सूची तयार गरी वर्णानुक्रम अनुसार प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि संक्षिप्त सूची प्रकाशन गर्नुपर्नेछ।

(२) सिफारिस समितिले उपदफा (१) बमोजिमको संक्षिप्त सूचीमा रहेका उम्मेदवारहरुको प्रस्तुतीकरण तथा अन्तर्वार्ता लिई कूल प्राप्ताङ्कका आधारमा रिक्त एक (१) पदका लागि अधिकतम तीन (३) जनाका दरले उम्मेदवार छनौट गरी नियुक्तिका लागि सहकुलपति समक्ष सिफारिस गर्नुपर्नेछ।

तर तीन (३) जना भन्दा कम दरखास्त परेको वा तीन (३) जना भन्दा कम व्यक्ति योग्य भएको अवस्थामा छनौट सूचीमा परेको योग्य व्यक्तिलाई मात्र सिफारिस गर्न सकिनेछ।

(३) न्यूनतम योग्यता पूरा नगरेको वा गलत तथा झुट्ठा कागजात पेश गरेको पाइएमा समितिले जुनसुकै बखत त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ।

**१३. <u>स्वःघोषणा गर्नुपर्नेः</u>** (१) सिफारिस समितिका संयोजक तथा सदस्यहरूले उम्मेदवारको मूल्याङ्कन तथा सिफारिस प्रक्रियामा सहभागी हुनु अघि निजहरूसँग आफ्नो कुनै प्रकारको स्वार्थ नबाँझिएको भनी अनुसूची-३ मा तोकिए बमोजिमको ढाँचामा स्वःघोषणा गर्नुपर्नेछ।

(२) समितिका कुनै सदस्य वा मूल्याङ्कन विज्ञ टोलीका सदस्यको नजिकका नातेदारले पदाधिकारी वा सदस्यको पदमा दरखास्त पेश गरेको अवस्थामा वा कुनै उम्मेदवारसँग स्वार्थ बाँझिने (Conflict of Interest) अवस्था रहेमा त्यस्तो सदस्य वा विज्ञ सम्बन्धित पदको मूल्याङ्कन प्रक्रियामा सहभागी हुनु हुँदैन ।

(३) उपदफा (२) बमोजिमको अवस्थामा परी सदस्य तथा विज्ञको हकमा समितिको अध्यक्षलाई र अध्यक्षको हकमा सहकुलपतिलाई लिखित जानकारी गराई मूल्याङ्कन प्रक्रियाबाट अलग हुनुपर्नेछ।

**१४. <u>मूल्याङ्कन विधिः</u>** (१) शिक्षाध्यक्ष र डीनको  दरखास्त देहायको आधारमा मूल्याङ्कन गरिनेछ-

| क्र.सं. | मूल्याङ्कन का मुख्य आधारहरू | अधिकतम अङ्क | अङ्क प्रदान गर्ने विस्तृत मापदण्ड (Rubric) |
|---|---|---|---|
| १. | शैक्षिक योग्यता | १० | न्यूनतम  योग्यता (स्नातकोत्तर) बापत आठ (८) अंक, अतिरिक्त एक तह माथिको योग्यता बापत थप दुई  (२) अंक |
| २. | प्राध्यापन क्षेत्रको कार्यानुभव | १० | प्राध्यापन क्षेत्रको कार्यानुभव वापत सात (७) अंक, सो भन्दा बढी कार्य गरेको भए  प्रत्येक वर्षको ०.५ अङ्कका दरले थप अधिकतम तीन (३) अंक। |
| ३. | व्यवस्थापकीय र सम्बन्धित क्षेत्रको अनुभव | १० | प्रत्येक बर्ष काम गरेको अनुभवको आधारमा १ अंकको दरले अधिकतम १० अंक प्रदान गर्न सकिने। |
| ४. | अनुसन्धान र प्राज्ञिक क्षेत्रमा हासिल गरेको अनुसन्धानमूलक लेख प्रकाशन | १० | तोकिए बमोजिम मापदण्ड पूरा गरेको हकमा आठ (८) अंक प्रदान गर्ने र सो भन्दा बढी प्रथम प्रकाशक गर्नेको हकमा प्रत्येक प्रकाशनमा ०.५ अंकका दरले बढीमा दुई (२) अंक सम्म प्रदान गर्ने । |
| ५. | सम्बन्धित संस्थाको सोचपत्र (Vision Paper) र रणनीतिक कार्ययोजना | ४० | सम्बन्धित संस्थाको अवस्था विश्लेषण, आगामी कार्यदिशा तथा कार्यान्वयनको ढाँचासँग सम्बन्धित बढीमा पाँचहजार (५,०००) शब्दको हुनेछ। |

| क्र.सं. | मूल्याङ्कनका मुख्य आधारहरू | अधिकतम अङ्क | अङ्क प्रदान गर्ने विस्तृत मापदण्ड (Rubric) |
|---|---|---|---|
| | (Strategic Action Plan) | | |
| ६. | अन्तर्वार्ता | २० | |
| **कुल प्राप्ताङ्क (Total Score)** | | **१००** | |

२) रजिष्ट्रारको दरखास्त देहायको आधारमा मूल्याङ्कन गरिनेछः-

| **क्र.सं.** | **मूल्याङ्कनका मुख्य आधारहरू** | **अधिकतम अङ्क** | **अङ्क प्रदान गर्ने विस्तृत मापदण्ड (Rubric)** |
|---|---|---|---|
| १. | शैक्षिक योग्यता | १० | न्यूनतम योग्यता हासिल गरे वापत आठ (८) अंक र अतिरिक्त एक तह माथिको योग्यता बापत थप दुई (२) अंक |
| २. | तालिम | १० | सम्वन्धित क्षेत्रमा लिएको तालिमको आधारमा समितिले बढीमा दश (१०) अंक सम्म प्रदान गर्न सक्नेछ । |
| ३. | व्यवस्थापकीय र सम्बन्धित क्षेत्रको अनुभव | २० | पाँच (५) बर्ष सम्मको अनुभव हासिल गरे वापत पन्ध्र (१५) अंक र सो भन्दा बढी बर्ष काम गरेको हकमा प्रत्येक बर्षको एक (१) अंकको दरले बढीमा थप पाँच (५) अंकसम्म प्रदान गर्न सकिनेछ । |
| ४. | सम्बन्धित संस्थाको सोचपत्र (Vision Paper) र रणनीतिक कार्ययोजना | ४० | सम्बन्धित संस्थाको अवस्था विश्लेषण, आगामी कार्यदिशा तथा कार्यान्वयनको ढाँचासँग सम्बन्धित बढीमा पाँचहजार (५,०००) शब्दको हुनेछ। |

| **क्र.सं.** | **मूल्याङ्कनका मुख्य आधारहरू** | **अधिकतम अङ्क** | **अङ्क प्रदान गर्ने विस्तृत मापदण्ड (Rubric)** |
|---|---|---|---|
| | (Strategic Action Plan) | | |
| ५. | अन्तर्वार्ता | २० | |
| **कुल प्राप्ताङ्क (Total Score)** | | **१००** | |

३) निर्देशकको दरखास्त देहायको आधारमा मूल्याङ्कन गरिनेछ-

| **क्र.सं.** | **मूल्याङ्कनका मुख्य आधारहरू** | **अधिकतम अङ्क** | **अङ्क प्रदान गर्ने विस्तृत मापदण्ड (Rubric)** |
|---|---|---|---|
| १. | शैक्षिक योग्यता | १० | तोकिएको न्यूनतम योग्यता पुगेको हकमा आठ (८) अंक र सो भन्दा माथि योग्यता हासिल गरेको भए थप दुई (२) अंक सम्म प्रदान गरिनेछ । |
| २. | तालिम | १० | सम्वन्धित क्षेत्रमा लिएको तालिमको आधारमा समितिले बढीमा दश (१०) अंक सम्म प्रदान गर्न सकिने। |
| ३. | व्यवस्थापकीय र सम्बन्धित क्षेत्रको अनुभव | १० | प्रत्येक बर्ष काम गरेको अनुभवको आधारमा एक (१) अंकको दरले अधिकतम दश (१०) अंकसम्म प्रदान गर्न सकिने। |
| ४. | अनुसन्धान र प्राज्ञिक क्षेत्रमा हासिल गरेको | १० | तोकिए बमोजिम मापदण्ड पूरा गरेको हकमा आठ (८) अंक प्रदान गर्ने र सो भन्दा बढी प्रथम प्रकाशक गर्नेको हकमा प्रत्येक प्रकाशनमा ०.५ अंक दरले बढीमा दुई (२) अंकसम्म प्रदान गर्न सकिने। |

| क्र.सं. | मूल्याङ्कनका मुख्य आधारहरू | अधिकतम अङ्क | अङ्क प्रदान गर्ने विस्तृत मापदण्ड (Rubric) |
|---|---|---|---|
| | अनुसन्धानमूलक लेखन, प्रकाशन | | |
| ५. | सम्बन्धित संस्थाको सोचपत्र (Vision Paper) र रणनीतिक कार्ययोजना (Strategic Action Plan) | ४० | सम्बन्धित संस्थाको अवस्था विश्लेषण, आगामी कार्यदिशा तथा कार्यान्वयनको ढाँचासँग सम्बन्धित बढीमा पाँचहजार (५,०००) शब्दको हुनेछ। |
| ६. | अन्तर्वार्ता | २० | |
| **कुल प्राप्ताङ्क (Total Score)** | | **१००** | |

(४) दफा (१४) को उपदफा (१),(२) र (३) बमोजिमको सम्बन्धित संस्थाको सोचपत्र (Vision Paper) र रणनीतिक कार्ययोजना (Strategic Action Plan) सम्बन्धित विज्ञद्वारा मूल्यांकन गरिनेछ।

**१५. <u>अन्तर्वार्ता:</u>** (१) दफा (१४) बमोजिमको अन्तर्वार्ताको लागि उम्मेदवारलाई तीन (३) दिनको समय दिई प्रतिष्ठानको वेवसाईटमा सार्वजनिक सूचना जारी गर्नुको साथै सम्वन्धित उम्मेदवारको इमेल तथा फोन सम्पर्क गरी जानकारी गराईनेछ।

(२) उपदफा (१) बमोजिमको अन्तर्वार्तामा कुनै कारणले कुनै उम्मेदवार अन्तर्वार्ताको लागि तोकिएको मिति, स्थान र समयमा उपस्थित हुन नसकेमा निजलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

**१६. <u>कार्यसम्पादन करार तथा नियुक्तिः</u>** (१) यस कार्यविधि बमोजिम सिफारिस भएका पदाधिकारीले पन्ध्र (१५) दिनभित्र उपकुलपति समक्ष अनिवार्य रूपमा पदवहालको लागि शपथ ग्रहण लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यसम्पादन करारमा सम्बन्धित पदाधिकारीले उम्मेदवारी पेश गर्दा बुझाएको रणनीतिक कार्ययोजना (Strategic Action Plan)लाई आधार मानी आफ्नो कार्यकालमा हासिल गर्नुपर्ने मुख्य लक्ष्य, सूचक र सम्पादन गर्नुपर्ने कार्यहरू स्पष्ट रूपमा समावेश गर्नु पर्नेछ ।

**१७. समितिको सचिवालय तथा कागजातको संरक्षणः** (१) प्रतिष्ठान रहेको स्थानमा समितिको सचिवालय रहनेछ।

तर भौगोलिक विकटता तथा सहजताका लागि प्रतिष्ठानले अन्य उपयुक्त स्थानमा समितिको सचिवालयको कार्य गर्ने गरी स्थान तोक्न सक्नेछ।

(२) समितिबाट सिफारिसको कार्य सम्पन्न भएपछि यस सम्बन्धी सम्पूर्ण कागजात, प्रमाण तथा निर्णयहरू प्रतिष्ठानमा सुरक्षित राखिनेछ।

**१८. बाधा अड्काउ फुकाउने:** (१) यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्काउ परेमा वा कार्यविधिमा स्पष्ट व्यवस्था नभएको अवस्थामा ऐनको व्यवस्था विपरीत नहुने गरी समितिको सर्वसम्मत निर्णय बमोजिम बाधा अड्काउ फुकाउन वा थप व्याख्या गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको निर्णय एवं व्याख्या कार्यविधिको अभिन्न अङ्ग मानिनेछ।

**१९. खारेजी र बचाउः** कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको पदाधिकारीहरुमध्ये शिक्षाध्यक्ष, रजिष्ट्रार, डीन र निर्देशकको छनौट तथा सिफारिस भई नियुक्त प्रकृयाले पूर्णता पाएपछि यो कार्यविधि स्वतः खारेज भएको मानिनेछ ।

**अनुसूची-१**

**(दफा १० (२) सँग सम्बन्धित)**

**<u>दरखास्त</u>**

श्रीमान् अध्यक्षज्यू,

पदाधिकारीको छनौट तथा सिफारिस समिति,

.....................................।

**<u>विषयः दरखास्त तथा कागजात पेश गरेको सम्बन्धमा।</u>**

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको रिक्त शिक्षाध्यक्ष / रजिष्ट्रार / डीन / निर्देशक पदमा नियुक्तिका लागि देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु । शिक्षाध्यक्ष / रजिष्ट्रार / डीन / निर्देशकको पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव मसँग रहेको घोषणा गर्दछु । म शिक्षाध्यक्ष /रजिष्ट्रार / डीन / निर्देशक पदमा नियुक्तिको लागि सिफारिस भई नियुक्त भएको अवस्थामा प्रचलित कानुन बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु।

१. **प्रतिष्ठानको नामः**

२. **नियुक्ति हुन चाहेको पदः** शिक्षाध्यक्ष/रजिष्ट्रार/डीन /निर्देशक(आफूले चाहेको पदमा (✓) चिन्ह लगाउनुहोस्)

३. **दरखास्त पेश गर्ने व्यक्तिकोः**

**(क) व्यक्तिगत विवरणः**

नामथर (देवनागरी):……………….

Name: English BLOCK LETTER: ……………………

हाल कार्यरत संस्थाः……………………………..पद………………………………

नेपाली नागरिकताको प्रमाण पत्र नं.:…......…जारी मितिः……………….

स्थायी ठेगानाः

अस्थायी ठेगानाः

जन्म मितिः………..... साल....................महिना.................गते………..

जिल्लाः……………........

सम्पर्क नम्बरः………………………इमेलः………………………………………

**(ख) शैक्षिक योग्यताको विवरणः**

| क्र.स. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उपाधि प्राप्त गरेको साल | विषय | शीर्षक |
|---|---|---|---|---|---|
| १. | स्नातक | | | | |
| २. | स्नातकोत्तर | | | | |
| ३. | विद्यावारिधि र अन्य | | | | |

**(ग) अनुभवः**

| क्र.स. | पद | कार्यरत संस्था | कार्यरत अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**(घ) प्राज्ञिक अनुसन्धानमूलक परियोजना सम्बन्धी विवरण**

| क्र.स. | परियोजनाको शीर्षक | परियोजना पेश गरेको निकाय | अनुसन्धान टोलिको नामावली | परियोजना सम्पन्न गरेको मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**(ङ) प्राज्ञिक अनुसन्धानमूलक लेख प्रकाशन सम्बन्धी विवरण**

| क्र.स. | लेखको शीर्षक | जर्नलको नाम र अंक | अनुसन्धानकर्ताको नाम | प्रकाशक र देश | प्रकाशन मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**(च) तालिम सम्बन्धी विवरण**

| क्र.स. | तालिमको नाम | तालिम दिने संस्था | तालिमको अवधि | | तालिमको जम्मा अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन्, झुट्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

| **औठा छाप** | |
|---|---|
| **दाँया** | **बाँया** |
| | |

दस्तखतः

नाम थरः

मितिः

सम्पर्क नम्बरः

## अनुसूची-२

**(दफा ११ को खण्ड(ञ)सँग सम्बन्धित)**

**<u>उम्मेदवारको स्वःघोषणा</u>**

**विषय: स्वःघोषणा सम्बन्धमा।**

प्रस्तुत विषयमा................ प्रतिष्ठानको शिक्षाध्यक्ष/रजिष्ट्रार/डीन /निर्देशक पदका लागि आवेदनका साथमा देहाय बमोजिमको स्वःघोषणा गर्दछु।

| | छ | छैन |
|---|---|---|
| (क) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण तथा ओसारपसार, बैंक तथा वित्तीय संस्था वा सहकारीको रकम हिनामिना, ठगी, सम्पत्ति शुद्धीकरण, अवैध रुपमा वन्यजन्तुको ओसारपसार, सङ्गठित अपराध, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको, | | |
| (ख) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति वा बिदेशी नागरिकता प्राप्त गरेको | | |
| (ग) बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्थाको ऋण नतिरेको कारण प्रचलित कानून बमोजिम कालोसूचीमा परेको, | | |
| (घ) हाल कुनै राजनीतिक दलको सदस्य भएको, | | |
| (ङ) प्रतिष्ठानको क्षेत्रमा कुनै किसिमको स्वार्थको द्वन्द्व (Conflict of Interest) भएको, | | |
| (च) कुनै पनि लेख तथा प्रकाशनमा Plagiarism गरेको | | |

माथि उल्लेख गरिएका विवरण ठीक साँचो हो भनी स्वःघोषणा गर्दछु। झुटो ठहरिएमा कानूनबमोजिम सहुँला बुझाउँला।

उम्मेदवारको

हस्ताक्षरः..........................

नाम, थरः-...........................................

ठेगानाः- ................. मोबाइल नम्बरः...............................

**अनुसूची-३**

**(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)**

**मूल्यांकनकर्ताको स्वःघोषणा**

म कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको पदाधिकारीको छनौट तथा सिफारिस प्रक्रियामा संलग्न रहँदा कुनै पनि उम्मेदवारसँग मेरो पारिवारिक, वित्तीय, राजनीतिक, संस्थागत वा अन्य प्रत्यक्ष/अप्रत्यक्ष स्वार्थ-संघर्ष नभएको घोषणा गर्दछु ।यदि कुनै स्वार्थ बाँझिएमा/देखिएमा वा पछि जानकारीमा आएमा तुरुन्त समितिलाई जानकारी गराई सम्बन्धित मूल्याङ्कन प्रक्रियाबाट अलग रहनेछु।

यस प्रक्रियामा प्राप्त हुने कागजात, अंक, टिप्पणी, सन्दर्भ जाँच विवरण तथा अन्य संवेदनशील जानकारी गोप्य राख्नेछु।

नाम: ...............................................

पद/भूमिका: .......................................

हस्ताक्षर: ........................................

मिति: ..............................................